स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जेनजी आन्दोलनपछि उत्पन्न राजनीतिक परिस्थितिका कारण बन्द भएका फिल्म हल सोमबारदेखि खुलिसकेको छ । जसअनुसार फिल्म '३६ को आँकडा' को पुन: छायांकन सुरु भैसकेको छ । सबिर श्रेष्ठ निर्देशक रहेको फिल्मको छायांकन काठमाडौँका विभिन्न स्थानमा भइरहेको हो । तीन दिन रोकिएपछि फिल्मको छायांकन सुरु गरेको निर्देशक सबिर श्रेष्ठले बताए । फिल्ममा रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निशा अधिकारी लगायतका कलाकारको अभिनय छ ।

**आजको विचार...**



अहङ्कार...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



नेपाली कथावाचनका चर्चित नाम हुन्, साइग्रेस पोखरेल । मीठासपूर्ण कथावाचन शैलीका कारण 'सेलिब्रेटी' छवि बनाएका उनी अब अभिनेताको रुपमा ठूलो पर्दामा देखिँदैछन् । चन्द्र पन्तको निर्देशनमा बनिरहेको नयाँ फिल्म 'आ बाट आमा'बाट उनले डेब्यु गर्न लागेका हुन् । उनले मंगलबार चितवनमा फिल्मको छायांकन सुरु गरेका छन् । फिल्ममा साइग्रेसको भूमिकाबारे निर्माण पक्षले कुनै जानकारी गराएको छैन । यद्यपि, उनी मुख्य पात्रमध्ये एक रहेको जनाइएको छ । स्रोतका अनुसार फिल्ममा उनको जोडीको रुपमा उषा उप्रेती देखिनेछिन् ।

❐ वर्ष ३१ ❐ अंक ६२ ❐ २०८२ असोज १ गते बुधबार 17 September 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### आज सार्वजनिक बिदा

**पाल्पा,** भदौ ३१/जेनजी आन्दोलनमा मारिएकाहरुप्रति आज शोक मनाउन लागिएको छ । सरकारले शोक दिवस मनाउने निर्णयसँगै शोक मनाउन लागिएको हो ।सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बुधबार शोक दिवस मनाउने निर्णय गरेको थियो । असोज १ गते सार्वजनिक बिदा दिने र ज्यान गुमाएका व्यक्तिहरूला राष्ट्रिय झण्डा ओड्याउने निर्णय गरिएको गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्यालले जानकारी गराएका थिए । उनका अनुसार जेनजी आन्दोलनका क्रममा शाहदत प्राप्त गरेका व्यक्तिहरूलाई शहीद घोषणा गरिएको छ । ज्यान गुमाएका व्यक्तिहरूलाई राष्ट्रिय सम्मानसहित अन्त्येष्टि समेत गरिएको छ । मंगलबार पशुपति आर्यघाटमा ऊर्जा मन्त्री कुलमान घिसिङ र गृहमन्त्री ओमप्रकाश अर्यालले मृतकको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएका थिए । अन्त्येष्टिअघि महाराजगञ्जस्थित टिचिङ अस्पतालबाट शवयात्रा गरिएको थियो । आर्यघाटमा मृतकका शवलाई सुरक्षा निकायले सलामी अर्पण गरेका थिए । आन्दोलनमा ज्यान गुमाएका सहिदमध्ये केहिको पशुपति आर्यघाटमा र केहिको आफ्नो जिल्लामा अन्त्येष्टिका लागि लगिएको छ । सरकारले जेनजी समूहको आन्दोलनमा मृत्यु भएकालाई राष्ट्रिय झन्डा ओढाइ राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार मृतकहरूको अन्त्येष्टि गरिएको हो । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा देशभरि ७२ जनाले ज्यान गुमाएका छन् भने २ हजार ३ सय १६ जना घाइते भएका थिए ।

# सिद्धबाबा सुरुङमार्गको भौतिक प्रगति ६१ प्रतिशत, के- के काम भइसक्यो ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ३१/राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निर्माणधिन सिद्धबाबा सुरुङमार्गको हालसम्म भौतिक प्रगति ६१ प्रतिशत भएको छ । सिद्धबाबा सुरुङमार्ग आयोजनाले सोमबार सार्वजनिक गरेको प्रगति विवरण अनुसार ६१ दशमलव ६ प्रतिशत भौतिक प्रगति र ५१ दशमलव १ प्रतिशत वित्तीय प्रगति भएको हो ।



सुरुङ 'ब्रेक थ्रु' भएपछि कामले गति लिएको छ । हालसम्म लाइनिङ र ढलानको काम सकिएको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयका प्रमुख कृष्णराज अधिकारीले जानकारी दिए । ११२६ मिटर टनेलमध्ये सुरुङ १०८९ मिटर रहेको छ । मुख्य टनेलकै भित्री सुरुङको भित्री पर्खालमा गरिने संरचनात्मक लाइनिङको काम सबै सकिएको हो । सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङभित्रको पर्खाललाई कंक्रिट, सटक्रिट, ब्लक वा अन्य सामग्रीले छोप्ने काम भएको छ । इन्भर्टको काम पनि १०८९ मिटर सकिएको छ । यससँगै उत्तर र दक्षिण पोर्टलको कामसमेत अघि बढाएको छ । उत्तरतर्फ १९ मिटर र दक्षिणतर्फ १८ मिटर पोर्टलको काम गर्नुपर्ने आयोजनाले जनाएको छ ।उत्तर र दक्षिणतर्फ हेलिप्याड निर्माणका लागि समेत काम भइरहेको छ । अबको ५/७ महिनामा मुख्य टनेलबाट सवारी साधन गुडाउन सकिने आयोजना कार्यालयले जनाएको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना कार्यालयले जनाएको छ । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्रअन्तर्गत पर्छ ।

सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका यात्रुहरू सुरुङमार्गको काम तिव्र रुपमा आगाडि बढेपछि वर्षौंदेखि सुरुङ बन्ने सपना विपनामा परिणत हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ । दैनिक हजारौँ सवारीका साधन गुड्ने यो क्षेत्रमा अहिलेसम्म सयौँ मानिसले ज्यान गुमाएका छन् । हिउँदमा समेत पहिरो खसेर कैयौँ यात्रुले ज्यान गुमाउनु परेको इतिहास साक्षी छ । वर्षामा यो सडक क्षेत्र त्यसै पनि अति जोखिममा छ ।




# आज विश्वकर्मा पूजा गरिँदैं

**पाल्पा,** भदौ ३१/आज कालिगडहरूले विश्वकर्माको पूजा आराधना गरी विश्वकर्मा दिवस मनाउँदैछन् । विभिन्न कलकारखानामा विश्वकर्मा भगवानको बालुवाको मूर्ति वा तस्वीरमा विधिपूर्वक पूजा आराधना गरी यो दिवस मनाउने गरिन्छ ।




हरेक वर्ष असोज १ गते यो पर्व मनाइँदै आइएको छ । आजका दिन कालिगडले उपयोगमा ल्याउने विभिन्न औजारका सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ । विश्वकर्मा पूजाका अवसरमा बिहानैदेखि कलकारखानामा रङ्गीचङ्गी ध्वजापताका टाग्नुका साथै विशेष पूजा गर्न लागिएको छ । सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गरेका छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत सम्भार गर्ने ग्यारेजलगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि बिसर्जन गरेपछि विश्विकर्मा पूजा समापन हुन्छ । फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाई आजका दिन बिदा पनि दिने चलन छ । विगतमा विशेष गरी तराई क्षेत्रमा धुमधामका साथ विश्वकर्मा पूजा गरिने गरेकामा पछिल्ला केही वर्ष यता पहाडी जिल्लामा पनि यसको गरिमा र महत्व बढ्दै गएको छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दु:ख दिएपछि विश्वकर्माले समुन्द्रको बीचमा भेदद्वारका बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुन्द्रको बीचमा 'भेदद्वार' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको हो । प्राचिन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रुपमा समेत मानिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा समेत मानिन्छ । यही सम्झनामा कालीगढले आज भव्यरुपमा विश्वकर्मा बाबाको पूजा गरी उनको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वासका साथ पूजा गर्दछन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विज्ञान दिवसको सान्दर्भिकता र सन्देश

आज राष्ट्रिय विज्ञान दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा हरेक वर्ष असोज १ गतेलाई राष्ट्रिय विज्ञान तथा प्रविधि दिवसको रूपमा मनाउने गरिन्छ । नेपालमा पहिलो पटक २०७० असोज १ गते विज्ञान दिवस मनाइएको थियो । विज्ञान प्रविधिको दिनानुदिन बढ्दो महत्व एवं राष्ट्र विकासमा विज्ञान तथा वैज्ञानिकहरूले पुऱ्याउन सक्ने योगदानलाई ध्यान दिएर नेपालमा यो दिवस मनाउन सुरु गरिएको हो । यसको मुख्य उद्देश्य जनमानसमा वैज्ञानिक चेतना प्रादुर्भाव गर्नु, विद्यार्थीहरूमा विज्ञान प्रविधिप्रति चासो बढाउनु, राजनीतिक र कर्मचारीतन्त्र तथा सामाजिक दृष्टिकोणमा विज्ञानप्रति विशेष अभिरुचि जगाउने रहेको छ । यसले विज्ञान प्रविधिको अनुसन्धान तथा विकासलाई पनि महत्व दिने गर्दछ । दिवसमा सरकारी, गैरसरकारी निकायहरू तथा विश्वविद्यालयहरूले आफ्ना दृष्टिकोण, लक्ष्य, विचारहरू प्रस्तुत गर्ने र विज्ञानसँग आवद्ध क्रियाकलापलाई प्रस्तुत गर्ने छन् ।

नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा २१ औं शताब्दीको विश्व अघि बढिरहेको छ । यही मानवीय र सामाजिक आवश्यकतालाई परिपूर्ति गर्न यो दिवसले महत्वपूर्ण टेवा पुऱ्याउँछ । विज्ञानकै माध्यमद्वारा वर्तमान समाजलाई सु-सूचित गराउँदै प्रविधिमूलक शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्र समृद्धि हासिल गर्नु गराउनु यस दिवसको प्रतिकात्मक सन्देश रहेको छ । पछिल्लो समयमा वैज्ञानिक प्रगतिलाई उचित तरिकाले उपयोग गर्न नसकेकै कारणले विश्वमा कतिपय मुलुकमा राजनीतिक भविष्य अन्यौलमा परेको छ । मुलुकको ध्रूवीकरण र विज्ञानको गलत प्रयोगले मानव अधिकारको हनन् र आतंकवादको श्रृंखला समेत बढेको छ । यस्तो अवस्थामा प्रभावकारी ढङ्गले हरेक वर्ष राष्ट्रिय विज्ञान दिवस मनाउन सके यसले निश्चय पनि नेपाली समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्न मद्दत पुऱ्याउनेछ । अन्यथा यो दिवस पनि अन्य धेरै प्रकारका वार्षिक दिवसजस्तै प्रभातफेरी वा शहर परिक्रमा जस्ता औपचारिकतामा मात्र सीमित हुनेछ ।

## Opinion @ Social Network

पृथ्वी गोलो छ ! हरेक सवालको जबाफ दिने दिन पनि आउँछ मै हुँ भनेर घमण्ड नगर्दा हुन्छ किनकी बोल्ने सबै बाठा र नबोल्ने सबै लाटा हुँदैन

*(जि एम मगरको फेसबुक स्टाटसबाट www.facebook.com/katrin.alaska.9)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अहङ्कार त्याग्न बाध्य बनाउने जेनजी आन्दोलन



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

अति भयो भने खती हुन्छ भन्ने नेपाली उखानलाई चरित्रार्थ गर्दै जनताको साशन व्यवस्था मानिएको गणतन्त्र व्यवस्थालाई विकृत बनाउँदै वडासम्म राजकिय जीवन बिताएका केहि राजनीतिक दल र तीनका आसेपासेहरु बाहेक धेरै आमनागरिकलाई गणतन्त्र भित्रको यस कार्य शैलीले निराशा, वितृष्णा र आक्रोस उत्पन्न गराई रहेको थियो । यो बेलुनमा भरिएको हावा जस्तै कुन बेला विष्पोट हुने हो त्यही अवस्थामा रहेको थियो । नभन्दै जेनजी जेट पुस्ताको २७ घण्टे आन्दोलनले दश वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनलाई बिर्साउने गरि सपना र सिनेमाको दृश्य जस्तै गरि भागाभाग हुनेगरि विष्पोट गराईदियो । यसले परम्परालाई अगाल्दै साशन व्यवस्था सञ्चालन गर्ने राजनीतिक दलको अस्थित्व माथि पनि प्रशन चिन्ह उत्पन्न गराईदियो । अब बेथिती, भ्रष्टाचार ,कुशासन, लेनदेनलाई आत्मसाथ गर्ने प्रवृत्तीको अन्त्य मात्रै होईन यस्ता कार्यमा संलग्न हुनुपूर्व दश पटक सोच्नुपर्ने स्थितिको पनि सिर्जना गरिदियो । जनताको साशन व्यवस्थाको भजन गाउँदै ,हामी जनताबाट निर्वाचित भन्दै दादागिरी देखाउने, तानाशाह शैली अवलम्वन गर्ने र व्यक्तिगत इगोमा साशन सञ्चालन गर्ने, राजनीतिक सहमतिका नाममा जटिल अपराध र बेथीतीको छानबिन र माफिदिने युगको अन्त्य पनि यही आन्दोलनले गराईदियो । जेनजी जेट युवा विद्रोह,उत्पन्न परिस्थिती र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**को हुन् जेनजी युवा समुह ?**

काठमाडौंमा भएको आन्दोलनबाट मात्रै धेरैले पहिलो पटक सुनेको शब्द हो जेनजी । जसको अग्रेंजी अर्थ जेन्रेसन् हो भने नेपाली अर्थ पुस्ता । Generation वाट Gen शब्द बनेको हो । आधुनिक जिवनशैली र आधुनिक डिजीटल प्रविधिसँग नजिक रहेका युवाहरुको समूह हो जेन्रेसन - जेट ,वाई र अल्फा । यस भित्र पनि तीन वटा समूह रहेका छन् । जसमा उमेर एक वर्ष देखि १४ वर्षमुनी समूहका युवालाई जेनजी अल्फा, १४ वर्ष देखि २८ वर्ष मुनी समुहका युवालाई जेनजी जेट र २८ वर्ष देखि ४० वर्ष मुनीका युवाहरु समुहलाई जेनजी वाई ले चिनिने यो विश्वभरका युवाहरुलाई चिनिने समूहगत नामाकरण हो । प्रविधिमा हुर्केका, स्वतन्त्र सोच राख्ने, रचनात्मकता ,परिवर्तन मनपराउने ,आफ्नो भविश्यप्रती सजग जस्ता विशेषता यीनीहरुले अगालेका हुन्छन् । आधुनिक डिजीटल युगलाई आत्मसाथ गरेका यी तीन समूहका युवाहरुको सञ्जाल विश्वसँगै नेपालमा पनि नेपाल भर रहेको पाईएको छ ।

देश भित्रको राजनीतिक अस्थिरता, भ्रष्ट्राचार, बेथितीदेखि बाक्क दिक्क भएका केहि वर्ग विदेश तिर सुनौलो भविष्यका लागि विदेशीएको देखिन्छ भने केहि वर्ग देशको सुनौलो भविष्यका लागि विभिन्न सामाजिक कार्यमा लागि रहेको देखिन्छ । पछिल्लो विकास भएका प्रविधिबाट धेरै नजिक रहेको यस समूह विश्वमा विकास भैरहेका घटनाबाट परिचित थियो । बेला-बेलामा सरकारका काम कारवाही र कार्य शैलीको विभिन्न माध्मबाट विरोध र खबरदारी गर्दै आएको यस पुस्ता परम्परागत साशन शैलीमा सुधार हुनुपर्ने कुरामा जोड दिने गर्दथ्यो ।

> *चरम राजनीतिक हस्तक्षेप र राजनीतिकरणका कारण राज्यका अगंहरुले स्वतन्त्र काम गर्न नै नसक्ने अवस्थामा पुगेका थिए भने अदालत, अख्तियार, सुरक्षा निकाय जस्ता संवेदनशिल क्षेत्रमा राजनीतिक नियुक्ती र निर्देशनले विकृत बनाउँदै लगेको देखिन्छ भने आस्था माथि प्रश्न चिन्ह उत्पन्न भैरहेको थियो । यी संस्थाहरु चरम राजनीतिक हस्तक्षेपले कमजोर भई सकेका थिए ।*

**जेनजी बिद्रोहको कारण :** १०४ वर्षे जहानीया राणा साशनदेखि लिएर जनताको साशन व्यवस्था मानिने गणतन्त्रसम्म आईपुग्दासम्म राजनीतिक अस्थिरता, बेथिती, स्वेच्छाचारिता, भ्रष्टाचार र जनतामा आशा भन्दा निराशा बड्दै गएको देखिन्छ भने गणतन्त्रमा यो दर र निराशा अत्याधिक मात्रामा बढ्दै गएको थियो । चरम राजनीतिक हस्तक्षेप र राजनीतिकरणका कारण राज्यका अगंहरुले स्वतन्त्र काम गर्न नै नसक्ने अवस्थामा पुगेका थिए भने अदालत, अख्तियार, सुरक्षा निकाय जस्ता संवेदनशिल क्षेत्रमा राजनीतिक नियुक्ती र निर्देशनले विकृत्त बनाउदै लगेको देखिन्छ भने आस्था माथि प्रश्न चिन्ह उत्पन्न भैरहेको थियो । यी संस्थाहरु चरम राजनीतिक हस्तक्षेपले कमजोर भई सकेका थिए । देश र जनताको पक्षमा काम गर्नुको सट्टा सरकारलाई दुई तिहाईको दम्वले तानशाह चरित्रमा रुपान्तरण गर्दै लगेको थियो । आलोचना र कमजोरी सुन्नै नचाहने विरोधको प्रतिकार गर्ने, आन्दोलन भएका घुसपैठको नाममा गोली वर्षाउने रवैया सरकारले बढाउदै लगेको थियो ।

जनताको साशन व्यवस्था गणतन्त्रमा जनताको सरकारले देश र जनतालाई अग्रंपक्तीमा राखेर निर्णय गर्न नसक्नु, राजनीतिक सहमतिको नाममा जस्तो सुकै राष्ट्रघाती सहमति र निर्णय गर्नु, जनताको जनमतलाई वेवास्ता गर्नु । क्षमता र योग्यताको आधारमा हैन् राजनीतिक नियुक्तीलाई हावी गराउदै लैजानु । राज्य कोषको दोहन गर्दै लैजानु । बजेट बाँडफाँड जनताको आवश्यकता, भौगोलिक जटिल्ताको आधारमा नगरी तजबिजका आधारमा असमानुपातिक रुपमा बढाउदै लौजानु । जनताका आधारभूत स्वास्थ्य सेवा नपाएर तड्पिरहेका छन् । नदीमा पुल नभएर तुईनको जोखिमयुक्त यात्रा गरिरहेका छन् । यातायातको राम्रो सुविधा प्राप्त गर्न सकेका छैनन् । रोजगारीको अभावमा खाली खुट्टा विदेशीएका छन् तर सरकार भ्यूटावर , रेल,पानीजहाज र सुरुङ मार्गको योजना बनाई रहेको देखिन्छ । यसैका लागि अरवौको बजेट छुटट्याई रहेको छ । यी विद्रोहको कारण बन्दै थियो ।

राज्यको वर्तमान संरचना देश र जनताका लागि हित अनुकुल नभएर देशको खर्च व्ययभार अत्याधिक बढाउदै लाने राजनीतिक दलका कार्यकर्तालाई व्यवस्थापन गर्नका लागि बनाइएको देखिन्थ्यो । आवश्यकता भन्दा बढी बनाईएका सासद र विशिष्टको संख्या, तीनका सेवासुविधा, राजनीतिक नियुक्तीले एकातिर जनतामा वितृष्णा देखिन्छ भने अर्कोतिर यो संरचनाले देश आर्थिकरुपमा कहिल्यै माथि उठ्न नसक्ने अवस्थामा पुगेको देखिन्छ । गणतन्त्रमा अत्याधिक बढ्दै गएको बेथिती , भ्रष्टाचार, कालो धन थुपार्ने प्रवृत्तिकै कारण जेनजी युवाले बिद्रोह गरेको देखिन्छ ।

**आन्दोलको सकरात्मक र नकरात्मक प्रभाव :** जेनजी आन्दोलनले बढ्दै गएको बेथिती, भ्रष्ट्राचारको अन्त्य र खबरदारीमा सकरात्मक सन्देश दिने कुरामा केहि सकरात्मक भूमिका खेल्ने देखिन्छ भने यसबाट राजनीति अकुत सम्पत्ती जम्मा गर्न, भ्रष्टाचार र बेथितीका लागि नभएर सेवाका लागि हुनुपर्ने पक्षमा सचेतना जगाईदिएको देखिन्छ भने भ्रष्टाचार लगाएतका बेथितीमा रमाउनेलाई दश पटक सोच्नुपर्ने स्थितिको सिर्जना गरिदिएको देखिन्छ । यसले वर्तमानदेखि भावि पुस्तासम्म सुशाशन स्थापित गर्ने कुरामा सकरात्मक सन्देश छाड्ने देखिन्छ । यस आन्दोलनको नकरात्मक पक्षको रुपमा सार्वजनिक सम्पत्तीमा भएको तोडफोड र आगजनी नै रहेको देखिन्छ । यसलाई रोक्न र सार्वजनिक सम्पत्ती जोगाउने कुरामा जेनजी आन्दोलन चुकेको देखिन्छ । लुटपाट ,तोडफोड र आगाजनीका कहालीलाग्दो क्रियाकलापमा जेनजीको नाममा विभिन्न स्वार्थ समूह लागेको देखिन्छ । सर्वोच्च अदालत लगायत देशका विभिन्न स्थानका अदालत जलाउने स्वार्थ समूह । सञ्चार गृह जलाउने स्वार्थ समूह । सिहदरबार लगायत सरकारी भवन आगजनी गर्ने स्वार्थ समुह । उद्योग, व्यापार, व्यवसाय तोडफोड र जलाउने समूहको स्वार्थ समूह । व्यक्तिका सम्पत्ती जलाउने स्वार्थ समूह । परिचालित र धमिलो पानीमा माछा मार्न तम्सिएको देखिन्छ । यी स्वार्थ समूहको छानबीन गरि कानुनको दायरामा ल्याई कडा भन्दा कडा सजाय दिनु अन्तरिम सरकारको मुख्य कार्य रहेको देखिन्छ । ती स्वार्थ समूहको हुन् र कसबाट परिचालित थिए भन्ने कुरा पनि भविष्यको अनुसन्धानले पुष्टि हुनु पर्दछ ।

**अब के हुनुपर्दछ ?**

२७ घण्टे युवा विद्रोह अन्तरिम सरकार बनाउँदैमा ,मृतकलाई शहिद घोषणा र क्षतिपूर्ती दिदैमा अन्त्य हुनुहुँदैन् । यो निरन्तर खबरदारीमा रहिरहनुपर्दछ । ती बालबालीका माथि गोली चलाउने र चलाउन आदेश दिनेलाई कारवाहीको दायरामा ल्याउनु पर्दछ । सार्वजनिक सम्पत्ती तोडफोड गर्नेलाई छानबिन गरि कारवाहिको दायरामा ल्याउनुपर्दछ । शक्तिशाली भ्रष्टाचार छानबिन आयोग बनाउनु पर्दछ र आम जनताले महसुस गर्ने गरि भ्रष्टाचारीलाई कारवाहिको दायरामा ल्याउनु पर्दछ । आर्थिक रुपमा कमजोर बनाउने, राज्यको व्ययभार बढाउने राज्यको संरचनामा पुर्नविचार गर्नु पर्दछ । प्रदेश, सासद, मन्त्री, विशिष्ट, स्वकिय सचिव, सल्लाहकार, राजनीतिक नियुक्ति जस्ता पद र संख्यामा कटौती गर्नु पर्दछ । पूर्व विशिष्टका नाममा दिने सुविधा हटाउनु पर्दछ । राजनीतिलाई पेशाबाट सेवामा रुपान्तरण गर्नु पर्दछ । सरकारी दरवन्दी र कार्यालयको संख्या कटौती गर्नु पर्दछ । मनपरि करार नियुक्ती कटौती गरिनुपर्दछ । यसो भएमा यस आन्दोलन र बलिदानीले केहि मात्रामा न्याय पाउने देखिन्छ ।

**निष्कर्ष :** जेनजी जेट आन्दोलन विगतमा जस्तो कुनै राजनीतिक लाभ र सत्ता प्राप्तिका लागि गरिएको होइन् । यो कुनै निर्देशित र परिचालित पनि होईन् । देश भित्र फैलिएको चरम वेथिती र भ्रष्टाचारको कारण उत्पन्न स्व:स्फर्त युवा बिद्रोह हो । एक पटकको आन्दोलन र बिद्रोहले यसको अन्त्य भयो भन्ने आकलन गर्नु पनि हुँदैन् । राज्यमा फेरि वितृष्णा र निराशा बढ्दै गयो भने यो फेरि उत्पन्न नहोला भन्न सकिदैन् । सत्ताको उन्मात र बन्दुकको गोलीले यसलाई रोक्न सकिने पनि देखिदैन् । त्यसैले राजनीतिक दलका हरेक कार्य जनकेन्द्रीत हुनुजरुरी देखिन्छ । अब गफ लगाएर, भाषण गरेर, मासुभात र पैसा बाडेर निर्वाचित हुने सपना देख्न छाड्नु पर्दछ । राजनीतिक दलहरु परम्पराबाट माथि उठेर युवामा नेतृत्व हस्तान्तरण गर्दै समयको माग अनुसार आफुलाई रुपान्तरण गर्नु पर्ने देखिन्छ । आजैबाट आफ्नो दललाई नयाँ चिराबाट रुपान्तरण गरौ । अहंकार, व्यक्तिगत इगो र आलोचनामा हैन्, आफ्नो कमि कमजोरी माथी छलफल र विश्लेषणमा समय खर्च गरौं । युवा चाहना अनुसार आफुलाई रुपान्तरण गरौ । यसैमा देश र जनताको भलाई छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लोन को लागि वित्तीय क्षेत्रबाट सहयोग नमिल्दा मन अशान्त रहनेछ। | **तुला**: यात्रा गर्दा आफ्नो सामानको ख्याल राख्नुहोस्।व्यवसायमा लाभ रहनेछ । |
| **वृष** : व्यापारीहरूलाई व्यापारमा सामान्य लाभ रहनेछ। स्वास्थ्यमा सुधारको योग छ। | **वृश्चिक** : सन्तानबाट शुभ सूचना मिल्नाले मन प्रसन्न रहनेछ। |
| **मिथुन**: खानपानमा ध्यान दिनुहोस्। नोकरीमा सहकर्मी हरुको साथ नमिल्ला। | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् । |
| **कर्कट** : भोजनको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **मकर** : प्रगतिमा मन रमाउनेछ । कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| **सिंह** :प्रेम सम्बन्धलाई विवाहमा टुङ्ग्याउनको अनुकुल समय रहेको छ । | **कुम्भ** : समाजमा मान प्रतिष्ठामा कमी आउन सक्छ सचेत रहनुहोस्। |
| **कन्या** : विद्यार्थी वर्गहरु विद्यालयमा वादविवादबाट टाढा रहनुहोस्। | **मीन** : क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ। व्यापारबाट पनि उन्नति नै देखिन्छ । |

## कला मनोरञ्जन

# देव पटेलले स्थगित गरे 'द पिजेन्ट'को नेपाल छायांकन, भन्छन्– क्रूको सुरक्षा प्राथमिकता



जेनजी आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति र सुरक्षा चुनौतीलाई कारण देखाउँदै प्रसिद्ध बलिउड तथा हलिउड अभिनेता देव पटेलले आगामी फिल्म 'पिजेन्ट'को नेपाल छायांकन स्थगित गरेका छन् ।

चर्चित भारतीय वेब-पोर्टल मिड-डेले यसबारे समाचार लेखेको छ । नेपाल छायांकन स्थगित गरेका उनले नोभेम्बरमा मुम्बईमा छायांकन गर्ने विवरणमा जनाइएको छ । पटेलको निर्देशन र शीर्ष भूमिका हुने यो फिल्मको छायांकन महाराष्ट्र र राजस्थानका दुर्गम थलोमा हुने उल्लेख छ । स्रोतले भन्यो, 'हाम्रा कलाकार र क्रूको सुरक्षा हाम्रो प्रमुख प्राथमिकता हो । हामी नेपालमा राजनीतिक अस्थिरताबाट उत्पन्न हुने ढिलाइ वा अवरोधहरूको जोखिम लिन सक्दैनौं । जब अशान्ति बढ्यो, हामी व्यावहारिक हुनुपर्‍यो ।

भारतले हामीलाई दृश्यात्मक रूपमा आवश्यक पर्ने धेरै कुराहरू प्रदान गर्नेछ ।' १४ औं शताब्दीको परिवेश सेट गरिने यो फिल्मले एक भारतीय गोठालाको कथा बताउँछ जसले भाडाका लडाकुको समूहविरुद्धको लडाइ पेश गर्छ । निर्देशकले नेपालका दुर्गम स्थानका केही भागको कल्पना गरेर फिल्म लेखेका थिए । यद्यपि, मेकरले नेपालको सेटिङमा भारतमै छायांकन गर्नुपर्नेछ । स्रोतले भन्यो, 'नेपालमा केही प्राचीन आकृतिहरू छन्, जुन कथामा पूर्ण रूपमा फिट हुने थिए ।' केही महिना अघिदेखि पटेल दोस्रो निर्देशकीय प्रोजेक्ट 'द पिजेन्ट'मा केन्द्रित थिए । अब पटेलले मुम्बईमा भित्री दृश्य छायांकनसँगै फिल्मको सुरुवात गर्नेछन् । 'देव सकेसम्म चाँडो सुरु गर्न उत्सुक छन्' मिड-डेले लेखेको छ । चर्चित फिल्म 'स्लमडग मिलेनियर'मा पटेलले जमल मलिकको भूमिका निर्वाह गर्नेछन् । यो फिल्मले उनलाई विश्वभर प्रसिद्धी दिलायो । सन् २०१६ मा उनले 'लायन'बाट उत्कृष्ट सहायक अभिनेताको बाफ्टा अवार्ड जितेका थिए ।

**-अनलाइनखबर डटकम**

# फूलपातीमा रिलिज हुने फिल्मको संख्या पुग्यो चार, थपियो 'अभिमन्यु' पनि




दसैं फूलपाती अर्थात असोज १३ गते नेपाली बक्स अफिसमा ठूलो भिडन्त हुने भएको छ। यसअघि भदौ २७ गते प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'अभिमन्युः च्याप्टर १' अब फूलपातीका दिन रिलिज हुने भएपछि सो मितिमा प्रदर्शन हुने फिल्मको संख्या चार पुगेको छ ।

जेनजी आन्दोलनका कारण प्रदर्शन स्थगित गरिएको 'अभिमन्युः च्याप्टर १' को निर्माण कम्पनी सेभेन सिज नेपालले विज्ञप्ति जारी गर्दै नयाँ प्रदर्शन मिति घोषणा गरेको हो। निर्माता विनोद पौडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'भदौ २७ गते प्रदर्शनमा ल्याउने पूर्वनिर्धारित मिति तय गरिएको भए पनि देशको विषम परिस्थितिलाई मध्यनजर गर्दै हामीले प्रदर्शन स्थगित गरेका थियौं । तर अहिले देशमा भएको आमूल परिवर्तनलाई सकारात्मक दृष्टिले लिएर हाम्रो चलचित्र उद्योगलाई निरन्तर चलायमान र गतिशील बनाउने उद्देश्यका साथ हामीले नयाँ प्रदर्शन मिति घोषणा गरेका छौं ।' पौडेलका अनुसार, नेपाली भाषामा असोज १३ गतेदेखि देशभर तथा विश्वव्यापी रूपमा एकैसाथ फिल्म प्रदर्शन हुनेछ भने हिन्दी भाषामा असोज १७ गतेदेखि भारतमा तथा विश्वव्यापी रूपमा एकैसाथ प्रदर्शन हुनेछ ।

विनोद पौडेलले भदौ २७ गते नै रिलिज हुने भनेर प्रचारमा धेरै लगानी भइसकेकोले दर्शकलाई लामो समयसम्म पर्खाउन नसकिने बताएका छन् । 'हामी सोच विचार गरेर नै फूलपातीमा आउने निर्णय गरेका हौं । कसैसँग जुध्ने र जुधाउने हाम्रो उद्देश्य होइन । धेरै पछि जाने अवस्था पनि छैन,' पौडेलले भने, 'हामी भदौ २७ मा आउँदा सोलो रिलिजको मौका पाएका थियौं । तर, परिस्थितिले हामीलाई असोज १३ मा ल्याइपुऱ्याएको हो। हामी सरसल्लाह गरेर नै यो मितिमा आएका हौं ।' सुशान्त गौतम निर्देशित 'अभिमन्युः च्याप्टर १' मा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरूङ, प्रकाश दाहाल र शिशिर वाङ्देललगायतका कलाकारहरू मुख्य भूमिकामा छन् ।

**फूलपातीमा चार फिल्मको प्रतिस्पर्धा :** 'अभिमन्यु : च्याप्टर १' फूलपातीमा आउने भएसँगै उक्त मितिमा रिलिज हुने फिल्मको संख्या चार पुगेको छ । यसअघि नै 'बलिदान', 'हरिबहादुरको जुत्ता' र 'माइतीघर' फूलपातीमा आउने तयारीमा साथ प्रचारप्रसारमा जुटेका थिए । जेन-जी आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिपछि पनि यी फिल्मका निर्माताहरूले आफ्नो फिल्म फूलपातीमा आउने घोषणा गरिसकेका छन् । 'माइतीघर' का निर्माता रोहित अधिकारीले यसैसाता फिल्मको ट्रेलर रिलिज हुने बताएका छन्। यता, 'बलिदान' का निर्देशक सन्तोष सेनले फिल्मको गीत सोमबार रिलिज हुन लागेको र ट्रेलर यसैसाता आउने जानकारी दिए ।

'हरिबहादुरको जुत्ता' का निर्माता सरोज ओलीले पनि आफ्नो फिल्म फूलपातीमा आउने बताएका छन् । घोषणा भए पनि यी सबै फिल्म फूलपातीमा आउलान् ? एकै दिन चार फिल्म प्रदर्शनमा आउँदा दर्शकको रोजाइ र बक्स अफिसमा त्यसको असर कस्तो पर्नेछ यो भने प्रतीक्षाको विषय बनेको छ ।

**-सेतोपाटी डटकम**

# 'बलिदान'को शीर्ष गीत रिलिज, समीरकी आमाको भूमिकामा ऋचा



यसपालिको दशैंको फूलपाती (१३ असोज)मा प्रदर्शन हुन लागेको फिल्म 'बलिदान'को शीर्ष गीत (ओएसटी) सार्वजनिक गरिएको छ । लिरिकल शैलीमा तयार पारिएको उक्त गीतमा सुजन चापागाईंको स्वर र संगीत रहेको छ भने हर्क साउदले शब्द लेखेका हुन् । गीतको संगीत संयोजन कोविद बज्रले गरेका छन् भने विवेक झा, कृति नेपाली र कोविद बज्रले ब्याक-भोकल दिएका छन् ।

एनिमेटेड दृश्य समेत समावेश गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता समीर भट्ट र अभिनेत्री ऋचा शर्मा प्रस्तुत छन् । ऋचाले समीर की आमाको भूमिका निभाएकी छन् । भिडियोका केही दृश्यले समीरले माफी समुदायको पात्रमा अभिनय गरेको संकेत गर्छ । आमा र मातृभूमिप्रतिको प्रेम र समर्पणको भावनालाई गीतले मर्मस्पर्शी ढंगले अभिव्यक्त गरेको छ । रोमान्टिक फिल्म बनाउने निर्माताको रुपमा चिनिएका सन्तोष सेनले देशको घाउलाई देखाउन 'बलिदान' बनाएको बताएका छन् । उनी भन्छन्, 'अन्यायले नागरिकलाई निरन्तर घेरिरहँदा लाग्यो, आमा र मातृभूमिको लागि एउटा युवा कति टाढासम्म जान सक्छ भन्ने कुरा कलाबाटै देखाउनुपर्छ । यही सोचबाट 'बलिदान' जन्मियो ।' यो फिल्मलाई उनी आफैंले निर्देशन गरेका हुन् । आसुसेन फिल्म्सको ब्यानरमा बनेको 'बलिदान'को लेखन दर्शन जीले गरेका हुन् भने निर्माता पवन ब्राडफोर्ड विष्ट, कार्यकारी निर्माता प्रेम पुरी रहेका छन् । फिल्ममा समीर र ऋचासहित सौगात मल्ल, अर्पण थापा, कविता राय, हेमन्त बुढाथोकी, सन्तोष सेन, प्रेम पुरी, कामेश्वर चौरासिया, प्रज्वल दुलाल लगायतको अभिनय र हेको छ । **-फिल्मीखबर डटकम**

# स्मृति इरानीलाई 'बकवास अभिनेत्री' भनेपछि...



भारतीय अभिनेत्री एवम् राजनीतिज्ञ स्मृति इरानी यतिबेला 'क्युंकी सास भी कभी बहू थी २' बाट पुनः टिभीको पर्दामा फर्किएकी छिन् । उनको यो ड्रामाले यतिबेला धेरै दर्शकको मन जितिरहेको छ । यसैबिच अभिनेत्रीले करियरको सुरुवातमा आफूले भोगेका अप्ठ्यारा र आलोचनाहरू सेयर गरेकी छिन् । एक पटक आफूलाई खराब अभिनेत्री भनिएको पनि उनले बताइन् ।

'२५ वर्ष पहिले मलाई पार्ट-टाइम राजनीतिज्ञ र फूल-टाइम अभिनेत्री भनिन्थ्यो' सोहा अली खानको पोडकास्ट अल अबाउट हरमा स्मृतिले बताइन् । यो पोडकास्टमा उनले आफ्नो अभिनय र राजनीति यात्राको बारेमा खुलेर कुरा गरेकी थिइन् । कुराकानीका क्रममा उनले आफ्नो पितासँग भएको पुरानो कुराकानी पनि सम्झिइन् । एक पटक उनले आफ्नो बुबालाई सोधेकी थिइन्, 'के म जीवनभर कसैको श्रीमती मात्रै हुँला ? १७ वर्षदेखि म तपाईंको छोरी हुँ । आखिर कहिले म आफ्नो जिन्दगी आफ्नो लागि जिउन सक्छु ?'

स्मृतिको पहिलो जागिर दिल्लीको जनपथ रोडमा थियो । त्यतिबेला उनको तलब दैनिक २०० भारु भएको पनि उनले बताइन् । त्यतिबेला उनले आफ्नो बुबाबाट उधारो लिएकी थिइन् । बुबाले भन्नुभएको थियो, 'म तिमीलाई एक वर्ष दिन्छु, यदि तिमीले पैसा फिर्ता गर्न सकेनौ भने, मैले भनेको व्यक्तिसँग विवाह गर्नुपर्छ ।' कुराकानीका क्रममा स्मृतिले आफूले टिभीमा खेलेको चर्चित पात्र तुलसी विरानीलाई पनि सम्झिन् । आज यो पात्र आइकनिक बनेको छ । यो पात्र बनेर खेलेका हरेक दृश्यका लागि इरानीले प्रशंसा कमाउँछिन् । ती सिन निकै भाइरल छन् । तर एउटा समय यस्तो पनि थियो जतिबेला स्मृतिलाई त्यही दृश्यका लागि कामै नलाग्ने अभिनेत्री पनि भनिएको थियो । 'हरेक ठाउँमा मानिसहरूले मलाई भन्थे कि तिमी खराब अभिनेत्री हौ ... र पुरुष कलाकारहरूले मैले भन्दा बढी पैसा पाउँथे' उनले सुनाइन् ।

पोडकाष्टमा स्मृतिले राजनीतिको बारेमा पनि कुरा गरिन् । 'सन् २००४ मा, मैले पहिलो पटक चुनाव लडें । म २७ वर्षकी थिएँ । मैले राजनीति न पढेको थिएँ न त अनुभव नै थियो' उनले भनिन् ।

**-रातोपाटी डटकम**

# एमी अवार्डको रेड कार्पेटमा कलाकारहरूको जमघट

७७ औं प्राइमटाइम एमी अवार्ड्सको अवसरमा टेलिभिजनका सबैभन्दा ठूला र स्टाइलिश कलाकारहरू लस एन्जलसको पिकक थिएटरमा भेला भएका छन् ।

एमी अवार्डको रेड कार्पेटमा कलाकारहरू प्रस्तुत भएका छन् । उनीहरूले लगाएका सुन्दर साँझका पोशाकहरूले आगामी मार्चमा हुने ओस्कर अवार्ड्ससम्मका लागि फेसन ट्रेन्डको संकेत दिएको देखिन्छ ।

**१५ वर्षीय ओवेनले रचे इतिहास** नेटफ्लिक्सको मिनी-शृंखला 'एडोलेसन्स'बाट चर्चित १५ वर्षीय ओवेन कुपरले इतिहास रचेका छन् । उनले एमी अवार्ड जितेर सबैभन्दा कान्छा अभिनेताले बताए ।

कुपरले नाटक शृंखलामा मुख्य अभिनेताको पुरस्कार जितेका छन् । यति सानो उमेरमा यो सम्मान पाउने उनी पहिलो अभिनेता हुन् । पुरस्कार ग्रहण गरेपछि कपुरले यो पुरस्कार लागि धेरै अर्थ राख्ने बताए। 'एडोलेसन्स' स्टीफन ग्राहम अभिनीत चार-एपिसोडको नेटफ्लिक्स शृंखला हो ।

यस शृंखलाको प्रत्येक दृश्य एकै शटमा छायांकन गरिएको छ । शृंखलाका निर्देशक फिलिप बारान्टिनी हुन् ।

**-इहिमालयटाइम्स डटकम**

# राष्ट्रिय विज्ञान दिवस मनाइँदै




**पाल्पा,** भदौ ३१/बुधबार विभिन्न कार्यक्रमका साथ राष्ट्रिय विज्ञान दिवस मनाइँदै छ । प्रत्येक वर्ष असोज १ गतेका दिन यो दिवस मनाउने गरिन्छ ।

देशका सबै वर्ग, समुदाय तथा पेसागत क्षेत्रका व्यक्ति तथा संस्थाहरूलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा योगदान पुऱ्याउने गरी परिचालन गर्ने तथा विज्ञान तथा प्रविधि विषयमा जनचेतना बढाउने, नीति निर्मातादेखि तल्लो तहका जनतासम्म यो प्रक्रियामा सक्रिय भूमिका निभाउने अवस्था सिर्जना गर्न सचेतनामूलक र अभियानमुखी काम गर्ने उद्देश्यले २०७० देखि राष्ट्रिय विज्ञान दिवस मनाउँदै आइएको छ । समाजमा विज्ञानको महत्वपूर्ण भूमिका र वैज्ञानिक मुद्दाहरूको बहसहरूमा व्यापक जनता संलग्न गरी विज्ञानले हाम्रो दैनिक जीवनमा यसको महत्व र प्रासंगिकतालाई कसरी प्रभाव पार्दछ भनि बुझ्नको लागि यो दिवस महत्वपूर्ण हुने गरेको पाइन्छ । समाजको सकारात्मक परिवर्तन अर्थात् विकास आममानिसको चाहना हो । यही आवश्यकतलाई परिपूर्ति गर्न दिगो शान्ति र विकासको माध्यमद्वारा वातावरणीय संरक्षण गर्दै नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा २१ औं शताब्दीको विश्व अघि बढिरहेको छ । विज्ञान तथा प्रविधिका क्षेत्रमा जे जति उपलब्धि हाशिल भएका छन् तिनलाई संस्थागत गरी विकासको मूल प्रवाहमा ल्याउन र प्रतिभा पलालन रोकी स्वदेशमै योगदान गर्ने वातावरण बनाउने चुनौती सरकार सामु छ । नेपालमा उपलब्ध जनशक्तिबाटै विज्ञान र प्रविधिको क्षेत्रमा गर्न सकिने उन्नतिका प्रशस्त सम्भावना रहेपनि उचित वातावरणको अभावप्रति सरोकारवाला चिन्तित छन् । त्यसलाई सम्बोधन गर्न सरकारले स्पष्ट दीर्घकालिन नीति र रणनीति एवं पारमाणविक पद्धार्थ व्यवस्थापन सम्बन्धी कानून बनाउनुपर्ने अपरिहार्य आवश्यकता सरोकारवालाले औंल्याएका छन् । यसैबीच विज्ञान तथा प्रविधि दिगो विकास र समृद्धि भन्ने नारासहित छैटौं राष्ट्रिय विज्ञान दिवस आज विविध कार्यक्रम गरी मनाइदैछ । यद्यपी दिवसका सार्थकताका लागि समृद्ध नेपाल सुखी नेपालको बृहत लक्ष्य सरकारले पूरा गर्नुपर्ने देखिन्छ ।


विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



२०८२ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामीकहाँ, फलामका पाइप, ग्रील पत्ती, च्यानल पत्ती, प्लेन सिट, स्टील पाइप, जस्तापाता र ट्रस्टमा लाग्ने सम्पूर्ण समाग्री सुपथ मूल्यमा पाउनुका साथै होम डेलीभरीको पनि व्यवस्था छ ।*

प्रो. नर बहादुर पल्ली
**पल्ली हार्डवेयर एण्ड सप्लायर्स परिवार**
तानसेन-४, सिल्खानटोल, पाल्पा (होलाङ्गदी जाने बाटो)
सम्पर्क नं. ०७५-५२११३१, ९८४७३३७४२१, ९८६४४४१६५०


## खेलकुद समाचार

### एनपीएल तोकिएकै समयमा हुने

**काठमाडौं,** भदौं ३१/नेपाल प्रिमियर लिगको दोस्रो संस्करण मंसिर १ गतेदेखि तोकिएकै मितिमा हुने भएको छ । नेपाल क्रिकेट संघले तोकिएकै मितिमा गर्ने गरी तयारी अगाडि बढाएको छ ।

जेनजीको भ्रष्टाचचार विरोधी आन्दोलनलका कारण अहिले नेपाली खेलकुद गतिविधि प्रभावित बनिरहेको अवस्थामा एनपीएलको दोस्रो संस्करणको अवस्था के होला भन्ने धेरैको चासो र कौतुहलता थियो । तर एनपीएलको दोस्रो संस्करण मंसिर १ गतेदेखि सुरु गर्ने गरी क्यानले तयारी थालेको छ । क्यान प्रवक्ता छुम्बी लामाले एनपीएल तोकिएकै समयमा हुने जानकारी दिए । 'पछिल्लो अवस्था पछि क्यानले फ्रेन्चाइजहरुसँग पनि एक चरण छलफल गरिसकेको छ । त्यसमा यसअघि तोकिएकै मितिमा एनपीएल गर्ने सहमति भएको छ' उनले भने । एनपीएलको दोस्रो संस्करणका लागि क्यानले खेलाडीको अक्सन समेत गरिसकेको छ । यस्तै केही टिमले मुख्य प्रशिक्षक र विदेशी खेलाडीहरु समेत घोषणा गरिसकेका छन् । काठमाडौं गोर्खाजले राष्ट्रिय टिमका पूर्व प्रशिक्षक मोन्टी देसाइलाई मुख्य प्रशिक्षक नियुक्त गरिसकेको छ भने सुदुरपश्चिम रोयल्सले अस्ट्रेलियन क्रिकेटर क्रिस लिनलाई विदेशी खेलाडीको रूपमा अनुबन्ध गरिसकेको छ । यस्तै अन्य फ्रेन्चाइजहरुले पनि विदेशी खेलाडीहरु अनुबन्ध गर्न आन्तरिक तयारी गरिरहेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

### आन्तरिक राजस्व कार्यालयद्वारा करदाता सेवा सुरु



**देवदह (रुपन्देही),**भदौ ३१/ रुपन्देही स्थित आन्तरिक राजस्व कार्यालयले आफ्नो पार्किङस्थलबाट सेवा प्रवाह सुरुआत गरेको छ ।

भदौ २४ गते भएको तोडफोड र आगजनीबाट कार्यालयमा क्षति पुगेको थियो । प्रमुख कर अधिकृत प्रेमराज पोखेलले कार्यालयबाट प्रवाह गरिने सेवा कार्यालयको पार्किङमा टेन्ट राखेर आइतबारदेखि थालनी गरिएको जानकारी दिए । उनले भने,'हामीले अत्यावश्यक सेवा सुरु गरेका छौं, धेरै सेवा अनलाइन माध्यमबाट प्रदान गरिरहेका छौं, पार्किङमा ल्यापटप र प्रिन्टर राखेर हाम्रा करदातालाई दिनुपर्ने सेवा दिन सुरु गरेका छौं ।' इन्टरनेट र बिजुली व्यवस्थापन गरेर न्यूनतम साधनस्रोत र उपलब्ध कर्मचारीबाट सेवा प्रवाह भइरहेको उनले बताए । सम्पूर्ण सेवा सञ्चालन गर्न सम्भव नभएकाले केही अत्यावश्यक सेवामात्र प्रदान गरिएको उनको भनाइ छ । उनका अनुसार आगजनी र तोडफोडबाट कार्यालयको मुख्य भवनमा क्षति पुगेको छ । सातवटा कोठा पूर्ण रूपमा जलेर नष्ट भएको उनले जानकारी दिए । त्यस्तै कोठाभित्र रहेका इलेक्ट्रोनिक सामान, कम्प्युटर, ल्यापटप, प्रिन्टर, टेबल, कुर्सी, ऱ्याक, सोफा, दराजलगायत थुप्रै सामान जलेरका प्रमुख कर अधिकृत पोखेलले बताए । 'केही करदाताका फाइल पनि त्यसमा परेका छन्", उनले भने । कार्यालयमा रहेका केही सवारीसाधन र गार्डरुम पनि जलेको उनले जानकारी दिए । सेवाग्राही सरोज साहले भवन क्षतिग्रस्त हुँदा पनि आन्तरिक राजस्व कार्यालयले सेवा प्रदान गरिरहेको भन्दै खुसी व्यक्त गरे । उनले कार्यालयले प्रदान गरिरहेको सेवाबाट सेवाग्राही सन्तुष्ट नै रहेको बताए । रुपन्देहीमा भदौ २३ गतेदेखि जारी भएको निषेधाज्ञा र कर्फ्यू पनि हटाइएको छ । यही भदौ २८ गते शनिबारदेखि निषेधाज्ञा र कर्फ्यू हटाइएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी डा टोकराज पाण्डेले जानकारी दिए । जिल्लाको समग्र शान्ति सुरक्षाको विश्लेषण गर्दा सामान्य रहेको र जनजीवन पनि सामान्यीकरणतर्फ उन्मुख भएको उनले बताए । जिल्ला प्रशासन कार्यालयले पारस्परिक सद्भाव कायम गर्न, सार्वजनिक सेवा प्रवाह गर्न, शिक्षण संस्था सञ्चालन गर्न, आवागमन सञ्चालन गर्न, पूर्ववत क्रियाकलाप नियमित गर्न र बजार व्यवस्थालाई चलायमान बनाउन सरोकारवाला सबै पक्षसँग आवश्यक समन्वय र सहजीकरणका लागि अनुरोध गरेको छ । -रासस


विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



२०८२ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामीकहाँ: आल्मोनियमका आधुनिक झ्याल, ढोका, पार्टेशन, ग्लास डोर, स्टक्चर, ग्लेसिङ्ग, फेन्सी गेट, आल्मोनियम र स्टील सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।*

प्रो. सुमिर कुमार समरखाती
**न्यू उपहार ग्रील आल्मोनियम तथा स्टील उद्योग परिवार**
तानसेन-२, मेहल्धारा, पाल्पा
सम्पर्क नं. ०७५-५२२४०५, ९८४७०००९९९



विश्वकर्मा बाबा की जय ! जय !! जय !!!






*हामीकहाँ सटर, च्यानल गेट, ग्रिल, रेलिङ्ग, गोल भरेङ्ग, कम्पाउण्ड गेट, कम्पाउण्ड जाली, ट्रस आदि बनाउनुका साथै स्टील र आल्मुनियम सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।*

विश्वकर्मा पूजा २०८२ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दल बहादुर वि.क.
**न्यू आलदेवी ग्रील उद्योग परिवार**
तानसेन-३, टक्सारटोल, पाल्पा, सम्पर्क नं. ९८४७३४७८३०



विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



२०८२ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*हामीकहाँ सबै किसिमका फर्निचर हरेक डिजाइनका चौकोस, सोफासेट, पलङ, दराज, कुर्ची, टेवल, डाइनिङ्ग सेट लगायत फर्निचर सम्बन्धी अर्डर अनुसार सम्पूर्ण सामानहरु उपलब्ध गराइन्छ ।*

प्रो. बसन्त बस्याल
**देउराली फर्निचर उद्योग परिवार**
तानसेन -५, ढङ्गाखानी, पाल्पा
सम्पर्क नं. ९८६७८७३२०९, ९८४७५३२३५४


## CORRECTION OF NAME AND DOB

No-102672 NK (LATE) Lal Bahadur Damai of 10 Assam Rifle and permanent home add is Rampur Municipality,Ward no. 4 District Palpa, Nepal. As Per service document of (LATE) Lal Bahadur Damai,10AR, Wife of (LATE) Lal Bahadur Damai, her name is Given SMT Gangi maya Tamang but should Daughter be Bishnu Kumari Damai according to her Nepali Nagarikata Pramanpatra. Also the Number is given as NO. 49265 NK (LATE) Janak Bahadur but Should have been No-102672 NK (LATE) Lal Bahadur Damai according to his Nepali Nagarikata Pramanpatra. Date of birth of Daughter Miss Rita Maya, Miss Hema Kumari, Miss, Bimala Kumari, Miss Anita kumari are Given as 10/01/1994, 25/11/1975, 08/02/1989, 05/05/1982 but should be 10/01/1974, 25/11/1976, 01/02/1979, 01/04/1982
respectively According to their Nepali Nagarikata Pramanpatra.

Particulars in family details certificate isued by District Administrative Office Tansen Palpa (Nepal) do not tally with service documents of the pensioner. As per service record of the deceased penioner, family particulars are as under :

i) Smt Man Maya, Wife DOB-01 Jun 1954
ii) Miss Rita Maya, Daughter, DOB -10 Jan 1974
iii) Miss Hema Kumari, Daughter, DOB- 25 Nov 1976
iv) Miss Bimala Kumari, Daughter, DOB- 08 Feb 1979
v) Miss Anita Kumari, Daughter, DOB-01 April 1982

**Late NK Lal Bahadur Damai**
**10 AR From Palpa**


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*


**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१



विश्वकर्मा पूजाको हार्दिक शुभकामना





*विश्वकर्मा पूजा २०८२ को पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा* ***शुभचिन्तकहरुमा हार्दिक मंगलमय*** *शुभकामना व्यक्त गर्दछौं ।*

*हामी कहाँ सटर, ग्रील, च्यानल, गेट, कम्पाउण्ड गेट, फेन्सी गेट, गोल भऱ्याङ्ग, रेलिङ्ग, डेक्स, बेन्च, इत्यादी काम सुपथ मूल्यमा बनाइन्छ ।*

प्रो. कमल सिंह सुनार
**आलमदेवी ग्रील एण्ड आल्मुनियम स्टील उद्योग परिवार**
सिल्खानटोल, तानसेन, पाल्पा, सम्पर्क नं. ९८५७०६९५२३



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई